# गौरीशंकर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

बागमती प्रदेश,नेपाल

## आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति (२०७७।०७।२०)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाले आ. व. २०७७/७८ का लागि तपशिलमा उल्लेखित शिर्षकहरूमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारले तोकेको दररेटमा **जिल्ला समन्वय समितिको कार्यालय, दोलखा बाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७६**(IEE Report 2076) मा उल्लेखित यस गाउँपालिका अन्तर्गत पर्ने तामाकोशी खोला तथा नदीनालाहरुबाट स्वीकृत परिमाण भित्र रही बालुवा, गिटी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा आदिमा संकलन तथा निकासी कर संकलन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्मले यस कार्यालयबाट बोलपत्र खरीद गरी सूचनाको शर्तका आधारमा आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई शिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ। उल्लेखित ठेक्काहरूको कर दस्तुरको दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिने छ तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ। यसरी बोलपत्र दिँदा मू.अ.कर दर्ता प्रमाण पत्र, आ. व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र आ. व. २०७६/७७ का लागि फर्म नविकरण पत्र बोलपत्र साथ राखी आफूले कबोल गरेको ठेक्का अंकको ३ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेड, शाखा कार्यालय गुरुम्फीमा रहेको धरौटी खाता नं ०५६०७६५०३९००१४ मा जम्मा गरी सो को सक्कल भौचर वा यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट (छैठौ संशोधन सहित) जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) राखी यस कार्यालय बोलपत्रदाताको सही छाप भएको शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। म्याद नाघी आएको, रित नपुगेको,कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

**तपसिल :**

| क्र.सं | ठेक्का नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) आ.व. २०७६/०७७ को लागि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | **वालुवा, ढुंगा संकलन तथा बिक्री कर**<br>बेसी बगर १ वडा नं ३ (27°43'50.7"N, 86°09'37.9"E, 27°43'46.89"N, 86°09'36.85"E,) | रु.१२७२०००।०० | रु.१०००।०० |
| २ | ०२/२०७७/७८ | बेसी बगर २ वडा ३ ( 27°43'39.1"N, 86°09'36.0"E, 27°43'42.6"N, 86°09'36.4"E,) | रु.३१८०००।०० | रु.१०००।०० |
| ३ | ०३/२०७७/७८ | पिखुती बगर सिमलको फेद मुनी वडा नं ३ ( 27°43'6.7"N, 86°09'8.3"E, 27°44'8.0"N, 86°09'8.82"E,) | रु.३८१६००।०० | रु.१०००।०० |
| ४ | ०४/२०७७/७८ | बगुवा बगर वडा नं २ ( 27°41'38.7"N, 86°07'56.1"E, 27°41'37.8"N, 86°07'55.9"E,) | रु.५७२४००।०० | रु.१०००।०० |
| ५ | ०५/२०७७/७८ | सहेली बगर वडा नं २ (27°42'0.5"N, 86°08'19.8"E, 27°42'1.19"N, 86°08'22.7"E,) | रु.२२२६०००।०० | रु.३०००।०० |
| ६ | ०६/२०७७/७८ | टाहारी बगर वडा नं २ (27°41'33.9"N, 86°07'33.6"E, 27°41'32.9"N, 86°07'31.8"E,) | रु.१२७२०००।०० | रु.१०००।०० |

१. बोलपत्र विक्रि हुने अन्तिम मिति, समय :-प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं (मंसिर १९) दिनको कार्यालय समयसम्म (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन)।

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय : प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं (मंसिर २०) दिनको १२:०० बजेसम्म।

३. बोलपत्र विक्रि तथा दाखिला गर्ने स्थान : गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखा।

४. बोलपत्र खोलिने स्थान, मिति, समय : गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखा।
बोलपत्र खोलिने समय : ३१ औं (मंसिर २०) दिनको दिउँसो २:०० बजे। (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन)

५. माथि उल्लेखित प्रत्येक विषयको लागि छुट्टा छुट्टै बोलपत्र फाराम भरी छुट्टा छुट्टै पेश गर्नुपर्नेछ।

६. बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नुपर्नेछ अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

७. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न गौरीशंकर गाउँपालिकाले निर्णय गर्नेछ।

८. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्नेछैन। साथै प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयम्ले बुझाउनु पर्नेछ।

९. जुन आ.व. को लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका वालुवा,ढुङ्गा, गिट्टी,ग्राभेल सो क्षेत्रबाट उठाई सक्नुपर्नेछ।

१०. बिस्तृत जानकारीको लागि गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय, सुरी, दोलखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क नं. ९८४३६९९०४८, ९८५१२४९२०७

**प्रमुख प्रशासकीय अधिकृत**